# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः ६० मितिः २०७८/०७/३०

भाग-२

## युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७८

## भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका

## युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७८

कार्यपालिकाबाट स्वीकृत मिति २०७८।७।३०

भरतपुर महानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा नेपाल सरकारबाट उपलब्ध गराइएका शिक्षक दरबन्दी कम भएका, प्रतिकक्षा कम्तीमा एक दरबन्दी नभएका र विद्यालयमा कार्यरत शिक्षक प्रसुति बिदामा बसेको अवस्थामा पठनपाठन सुचारु गर्न महानगरपालिकाको आन्तरिक स्रोतबाट उपलब्ध गराइने शिक्षण सहयोग अनुदान कोटामा युवा स्वयंसेवक शिक्षक छनोट कार्यलाई व्यवस्थित गर्न भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**- विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "सामुदायिक विद्यालय" भन्नाले भरतपुर महानगरपालिकाभित्र सरकारी अनुदान पाउने गरी सञ्चालित विद्यालय सम्झनु पर्दछ ।

(२) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिका सम्झनु पर्दछ ।

(३) "शिक्षक दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा उपलब्ध गराइएका शिक्षक दरबन्दी, राहत अनुदान कोटा र शिक्षण सहयोग अनुदान कोटा सम्झनु पर्दछ ।

(४) "नगर शिक्षा समिति" भन्नाले भरतपुर महानगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्दछ ।

(५) "युवा स्वयंसेवक शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम छनौट भई सामुदायिक विद्यालयमा नियुक्ति हुने १६-४० वर्ष उमेरका युवा स्वयंसेवक शिक्षक र बाल विकास केन्द्रमा नियुक्त हुने बाल विकास स्वयं सेवक सहजकर्ता समेतलाई सम्झनु पर्दछ।

(६) "नगर सभा" भन्नाले भरतपुर महानगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(७) "महाशाखा" भन्नाले भरतपुर महानगरपालिका शैक्षिक प्रशासन महाशाखा सम्झनु पर्दछ ।

(८) "कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिका नगरकार्यपालिका सम्झनु पर्दछ ।

**३. युवा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउने आधारहरुः**

(१) युवा स्वयंसेवकशिक्षक निम्न आधारमा उपलब्ध गराइनेछः

(क) शिक्षक विद्यार्थी अनुपात बढी भएको विद्यालय,

(ख) कक्षागत शिक्षक दरबन्दी नभएको विद्यालय,

(ग) नियमानुसार शिक्षक प्रसुति बिदा बसेको विद्यालय।

(२) हरेक आर्थिक वर्षका लागि नगर सभाले युवा स्वयंसेवक शिक्षकका लागि छुट्याइएको बजेटका आधारमा नगर शिक्षा समितिले हरेक वर्षका लागि युवा स्वयंसेवक शिक्षक कोटा निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कोटा निर्धारण गर्दा उपदफा (१) को खण्ड (क) (ख) र (ग) का लागि छुट्टाछुट्टै कोटा निर्धारण गर्न सकिने छ ।

**४. योग्यताः** (१) युवा स्वयंसेवक शिक्षकमा उमेदवार हुन देहाय बमोजिम न्यूनतम योग्यता आवश्यक पर्नेछ ।

(क) प्रारम्भिक बालविकासका लागि माध्यमिक शिक्षा परीक्षा (SEE) वा सो सरह उत्तीर्ण गरी बाल विकास सम्वन्धी कम्तीमा ३ महिनाको तालिम प्राप्त। तालिम प्राप्त उमेदवार नभएमा तालिम अप्राप्त उमेद्वार मध्येबाट छनोट गर्न बाधा पर्ने छैन।

(ख) आधारभूत तह (१-८) का लागि सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण।

(ग) माध्यमिक तह (९-१०) का लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

(घ) १६ वर्ष उमेर पूरा भई ४० ननाघेको।

(२) प्रचलित नेपाल कानुनले शिक्षकका लागि तोकेका योग्यता पूरा गरेको हुनुपर्नेछ। तर युवा स्वयंसेवक शिक्षकका लागि शिक्षक अध्यापन अनुमति पत्र र तालिम अनिवार्य हुने छैन ।

**५.युवा स्वयंसेवक शिक्षकको विषयः** (१) युवा स्वयंसेवक शिक्षक अंग्रेजी, गणित र विज्ञान विषयमा मात्र नियुक्ति हुनेछन्। तर प्रारम्भिक बालविकास केन्द्रमा युवा स्वयंसेवक सहयोगी कार्यकर्ता नियुक्ति गर्न विषय तोकिने छैन् ।

(२) उपदफा (१) मा उल्लिखित विषय बाहेक अन्य विषयमा युवा स्वयंसेवक शिक्षक नियुक्ति गर्न महानगरपालिकाले पदपूर्ति अनुमति दिनेछैन ।

(३) उपदफा (१), (२) मा जेसुकै लेखिएको भएतापनि प्रसुति विदा बसेको शिक्षकको सट्टामा नियुक्त युवा स्वयंसेवक शिक्षक विद्यालयको आवश्यकता अनुसारको विषयमा नियुक्ति हुनेछ।

**६. पदपुर्ति अनुमति र विज्ञापन** - (१) युवा स्वयंसेवक शिक्षकको कोटा प्राप्त भएपछि विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णयसहित पदपूर्ति अनुमति माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयले पदपुर्ति माग गरेपछि महाशाखाले अंग्रेजी, गणित र विज्ञान मध्ये विषय दोहोरो नपर्ने गरी कुनै एक विषयमा पदपुर्ति अनुमित दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त भएपछि विद्यालयले कम्तिमा ७(सात) दिनको समय दिई विज्ञापन गर्नेछ । तर प्रसुति विदामा बसेको शिक्षकको सट्टामा नियुक्त हुने युवा स्वयंसेवक शिक्षक विद्यालयले विज्ञापन नगरी वार्ताबाट सोझै नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विज्ञापनमा दरखास्त दिने अन्तिम मिति र शैक्षिक योग्यता उल्लेख भएको हुनु पर्नेछ ।

(५) उमेदवारले निम्न कागजात सहित तोकिएको म्याद भित्र अनुसूची (१) बमोजिमको ढाँचामा विद्यालयमा निवेदन दिनुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

**७. छनौट प्रक्रियाः** (१) युवा स्वयंसेवकशिक्षक नियुक्तिका लागि छनौट अनुसूची (२) बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारले ३(तीन) दिन भित्र करार नियुक्ति लिई विद्यालयमा हाँजिर हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम हाजिर नभएमा वैकल्पिक उम्मेद्वारलाई करार नियुक्ति दिइनेछ।

(४) युवा स्वयंसेवक शिक्षकको करार सम्झौता अनुसूची (३) बमोजिम हुनेछ।

**८. छनौट सम्बन्धी विशेष व्यवस्था-** (१) महानगरपालिकाले यस कार्यविधिको दफा (३) बमोजिम विद्यालयहरुलाई युवा स्वयंसेवक शिक्षक दरबन्दी उपलब्ध गराएपछि आवश्यक संख्यामा विज्ञापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विज्ञापन गर्नु पूर्व महानगरपालिकाले दरबन्दी पाएका विद्यालयहरुबाट आवश्यक विषयको विवरण संकलन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम विज्ञापन गर्दा १५ (पन्ध्र) दिनको समय दिनु पर्नेछ।

(४) यस दफा बमोजिम दरखास्त आह्वान गरेकोमा महानगरपालिकाले अन्तर्वार्ताका लागि विषयविज्ञ समेत रहेको अन्तर्वार्ता समिति गठन गर्नेछ।

(५) यस दफा बमोजिम शिक्षक छनौट गर्दा कक्षा अवलोकनका लागि विषयविज्ञ समेत रहेको कक्षा अवलोकन समिति गठन गर्नेछ।

(६) यस कार्यविधिको अनुसूची (२) बमोजिम शैक्षिक योग्यता, अन्तर्वार्ता र कक्षा अवलोकनबाट समेत उच्चतम् अंक प्राप्त गर्ने उम्मेद्वाहरुको सूची महानगरपालिकाले तयार गर्नेछ।

(७) उपदफा (६) बमोजिम तयार भएको सूचीबाट दरबन्दी उपलब्ध गराइएका विद्यालयहरुमा योग्यता क्रमका आधारमा महानगरपालिकाले नियुक्तिका लागि सिफारिस गर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस भएका उम्मेद्वारलाई सम्बन्धित विद्यालयले करार सम्झौता गरी करार नियुक्ति गर्नेछ ।

**९. युवा स्वयंसेवक शिक्षकको काम, कर्तव्यः** (१) युवा स्वयंसेवक शिक्षकको काम, कर्तव्य देहाय बमोजिम हुनेछः

(क) प्रशासनिक रुपमा विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रधानाध्यापकप्रति उत्तरदायी हुने र शैक्षिक रुपमा प्रधानाध्यापकप्रति उत्तरदायी हुने,

(ख) विद्यालयद्वारा तोकिएको विषय र कक्षा अध्यापन गर्नु गराउनु,

(ग) विद्यालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्नु,

(घ) विद्यार्थीलाई सम्मानजनक र भेदभाव रहित व्यवहार गर्नु,

(ङ) राजनैतिक व्यवहार प्रकट नगर्ने र राजनैतिक आस्थाका व्यवहार नगर्ने,

(च) राष्ट्रियता, राष्ट्रिय एकता, सामाजिक सद्भावमा प्रतिकूल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न नहुने,

(छ) प्रचलित ऐन, नियमले शिक्षकका लागि तोकेका आचार संहिता पालना गर्ने ।

**१०. पारिश्रमिक** - (१) यस कार्यविधि बमोजिम नियुक्ति हुने युवा स्वयंसेवक शिक्षकले नगर शिक्षा समितिले तोकेबमोजिम पारिश्रमिक पाउनेछ।

(२) महानगरपालिकाले युवा स्वयंसेवक शिक्षकको पारिश्रकमिकमा समय समयमा परिवर्तन गर्न सक्नेछ।

**११. विदाः** स्वयम सेवक शिक्षकले अन्य शिक्षकले पाए सरह भैपरी र पर्व विदा तथा सुत्केरी विदा मात्र पाउने छ।

**१२. युवा स्वयंसेवक शिक्षकको अवकाशः** युवा स्वयंसेवक शिक्षकको अनुदान कोटा एक आर्थिक वर्षका लागि हुनेछ। अर्को आर्थिक वर्षका लागि युवा स्वयंसेवक शिक्षकको कोटा निरन्तर उपलब्ध नभएमा युवा स्वयंसेवक शिक्षक स्वत अवकाश हुनेछ।

**१३. उजुरी** - (१) युवा स्वयंसेवक शिक्षक दरवन्दी वितरण एवम् युवा स्वयंसेवक शिक्षक नियुक्ति प्रक्रियामा चित्त नबुझेमा महानगरपालिकामा उजुरी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीमा महानगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१४. यस कार्यविधि बमोजिम हुने** - यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

# अनुसूची - १

## आवेदन फारम

### युवा स्वयंसेवक शिक्षक हुन दिइने निवेदनको ढाँचा

श्री प्रधानाध्यापकज्यू,

.......................विद्यालय, भरतपुर -......, चितवन ।

विषय - युवा स्वयंसेवकशिक्षकमा नियुक्ति पाऊँ ।

उपर्युक्त सम्वन्धमा त्यस विद्यालयको मिति २०७८/..../....मा प्रकाशित सूचना अनुसार म युवा स्वयंसेवकशिक्षक पदमा नियुक्तिको लागि तोकेको शर्त र प्रक्रिया पालना गर्न मञ्जुर छु भनी आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु ।

<u>निवेदकको विवरण</u>

१ निवेदकको नाम थर -

२ बाबुको नाम -

३ आमाको नाम -

४ ठेगाना - ५ सम्पर्क फोन नं. -

६ शैक्षिक योग्यताको विवरण -

| क.सं. | शैक्षिक योग्यता | उत्तीर्ण गरेको शै. सं.को नाम | प्राप्ताङ्क प्रतिशत/ GPA | मूल विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदकको दस्तखत मिति ........................

## अनुसूची २

### छनौट प्रक्रिया

१. वालविकास केन्द्रको सहजकर्ता छनौट

(क) SLC /SEE मा अंग्रेजी, गणित र नेपाली विषयमा प्राप्त गरेको अंक/GP को सम्वन्धित वर्गान्तरको मध्यमानको २५/२५ प्रतिशत अंक को जोडबाट आउने - ७५ अंक

(ख) तालिम ५ अंक (वाल विकास सम्वन्धि तालिम)

(ग) अन्तर्वार्ता - १० अंक

(घ) कक्षा अवलोकन - १० अक

२. आधारभूत तह कक्षा (१-८) को शिक्षक छनौट प्रक्रिया

(क) कक्षा १२ मा सम्वन्धित मुख्य विषयहरुमा प्राप्त गरेको औषत अंक/GP को सम्वन्धित वर्गान्तरको मध्यमानको ६० प्रतिशत ले हुन आउने अंक -६०

(ख) कक्षा १२ मा प्राप्त गरेको अंक/GPA को सम्वन्धित वर्गान्तरको मध्यमानको २० प्रतिशत ले हुन आउने अंक-२०

(ग) अन्तर्वार्ता - १० अंक

(घ) कक्षा अवलोकन - १० अंक

३. माध्यमिक तहको शिक्षक छनौट प्रक्रिया

क) स्नातक तहमा सम्वन्धित मुख्य विषयहरुमा प्राप्त गरेको औषत अंक/GP को सम्वन्धित वर्गान्तरको मध्यमानको ६० प्रतिशत ले हुन आउने अंक

(ख) स्नातक तहमा मा प्राप्त गरेको अंक/GPA को सम्वन्धित वर्गान्तरको मध्यमानको २० प्रतिशत ले हुन आउने अंक

(ग) अन्तर्वार्ता - १० अंक

(घ) कक्षा अवलोकन - १० अंक

नोट -

१. अन्तर्वार्ता र कक्षा अवलोकनमा ३० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दावढी अंक दिनु परेमा कारण जनाउनु पर्नेछ ।

२. बहुमत अन्तर्वार्ताकार र कक्षा अवलोकनकर्ताले कारण जनाएर घटी वा बढी अंक नदिएको अवस्थामा घटी वा बढी अंक दिने अन्तर्वार्ताकारको अंक न्यूनतम/ अधिकतम अंक मात्र मानी हिसाब गरिनेछ ।

# अनुसूची - ३

## करार सम्झौता फारम

### युवा स्वयंसेवक शिक्षक करार सम्झौता

चितवन जिल्ला भरतपुर महानगरपालिका अन्तर्गतको ..................विद्यालयका लागि युवा स्वयंसेवक शिक्षक करार गरी काम गराउने सम्बन्धमा ...................विद्यालय यसपछि प्रथम पक्ष भनिने छ ।............ज़िल्ला................वडा नं.............वस्ने श्री ..............को छोरा/छोरी.......................। जसलाई यस पछि दोश्रो पक्ष भनिने छ, का बीच २०......./......./...........गते सम्पन्न करार सम्झौता।

(१) दोश्रो पक्षले प्रचलित शिक्षा ऐन र नियमावली तथा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७८ अनुसार युवा स्वयंसेवक शिक्षकको रुपमा काम गरी शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने।

(२) दोश्रो पक्षले विद्यालय प्रशासनले तोके बमोजिमको विषय र कक्षाहरुमा अध्यापन गर्नुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा तथा औषत उपलब्धिप्रति पूर्णरुपमा जवाफदेही रहने।

(३) दोश्रो पक्षले विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रुपमा उपस्थित रहने र आवश्यकता अनुसार थप समय पनि प्रधानाध्यापकको निर्देशन अनुसार काम गर्नुपर्ने।

(४) दोश्रो पक्षले विद्यालयले सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहमागिता जनाउने।

(५) दोश्रो पक्षले विद्यालयको हितको लागि प्रधानाध्यापकको निर्देशनमा अन्य कार्यहरु गर्ने र विद्यालयका प्र.अ. र वि.व्य.स. प्रति जवाफदेही हुने।

(६) प्रथम पक्षले भरतपुर महानगरपालिका युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७८ ले तोकेको सेवा सुविधा उपलब्ध गराउने।

(७) युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७८ अनुसार कार्य सम्पादन नभएको वा आचार संहिता पालना नभएको पाइएमा प्रथम पक्षले आवश्यक सफाइको मौका दिई जुनसुकै बेला युवा स्वयंसेवक शिक्षकबाट हटाउन सक्नेछ।

(८) यो करार सम्झौता मिति ..........गतेबाट मिति ..............सम्म लागू हुनेछ ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
| --- | --- |
| नाम - ........ | नाम - ...................... |
| ठेगाना - .............. | विद्यालय - .......................... |

रोहवर

(१) नामः

दस्तखत ...................... मिति - २०......./........../...........